प्राविधिक शिक्षा तथा व्यावसायीक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

इटहरी, सुनसरी

प.सं.:- २०७६।०७७ मिति:- २०७६।०८।१८

च.नं.:-

**विषय : छात्रवृत्ति तर्फ भर्ना हून जाने सम्वन्धी सूचना ।**

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७६।०६।१४ गते बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा भर्नाको लागि निवेदन दिने सम्वन्धी सुचना अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपूरद्वारा मिति २०७६।०४।१८ गते संचालन भएको डिप्लोमा र प्रमाण पत्र तहको छात्रवृत्तिको प्रवेश परीक्षामा सम्मिलित मध्ये छनौट भएकाले परिषदवाट संचालन र सम्वन्धन स्वीकृति प्राप्त यस प्रदेश अन्तर्गत पर्ने शिक्षण संस्थाहरुमा परीक्षार्थीहरुको नाम र शिक्षण संस्था सहित योग्यता क्रमानूसार नतिजा प्रकाशित गरी सिफारिश गरिएको व्यहोरा मिति २०७६।०८।१८ गतेको निर्णयानूसार सम्वन्धीत सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण वेभसाइट www.ctevt.org.np मा राखिएको छ ।

सिफारिश भएका परीक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषदको वेभसाइटवाट नतिजा डाउनलोड गरी यो सुचना प्रकाशित भएको मितिले २०७६।०८।२५ गते भित्र भर्ना भई सक्नु पर्ने भएकोले उल्लेखित म्याद भित्र भर्ना सम्वन्धी निर्देशिका २०७४ (दोश्रो संशोधन)मा उल्लेख भए वमोजिमका आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, प्रवेश परीक्षाको प्रवेशपत्र र आफ्नो वर्ग खुल्ने प्रमाणपत्रहरुको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानू हून सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचना एवं परिषद परीक्षा नियन्त्रण कार्यालयको भर्ना सम्वन्धी प्रथम पटक प्रकाशित मिति २०७६।०५।०५ गतेको सुचना बमोजिम भर्ना गर्न हुन जानकारी गराइन्छ ।

डा. शिव प्रसाद दाहाल

निर्देशक

फोन नं.: ०२५-५८६७४० फ्याक्स: ०२५-५८७०१९ Email: erroitahari@gmail.com